प्रदेश सभा, प्रदेश नं. २

**चौथो अधिवेशन**

**बैठक संख्या - ३४**

**सूचनापत्र**

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७७ साल असोज २७ गते मंगलवार**

---

मा० सभामुखज्यूले २ : ३५ बजेको समयमा प्रदेश सभाको बैठक प्रारम्भ भएको घोषणा गर्नु भया ।

त्यसपछि मा० सभामुखज्यूले आज शुन्य समय विशेष समय नरहेको घोषणा गर्नु भयो ।

त्यसपश्चात मा० सभामुखज्यूको अनुमतिले भूमि व्यवस्था, कृषी तथा सहकारी मन्त्री श्री शैलेन्द्र प्रसाद साहले " प्रादेशिक दुग्ध विकास बोर्डाको स्थापना तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०७५ " माथि सभामा छलफल गरियोस् भनने प्रस्ताव पेश गर्नु भयो । उक्त छलफलमा देहायका माननीयज्यूहरुले भाग लिनु भयो ।

मा० श्री शिवचन्द्र चौधरी

मा० श्री डा० रीना यादव

मा० श्री राम अशिष यादव

मा० श्री बच्चा राउत अहिर

त्यसपछि मा० सभामुखज्यूको अनुमतिले मा० श्री शैलेन्द्र प्रसाद साहले जवाफ दिनु भयो ।

त्यसपश्चात मा० सभामुखज्यूले उक्त विधेयकमा संशोधनको प्रस्ताव हालेका मा० श्री सुन्दर बहादुर विश्वकर्मा र मा० श्री शिवचन्द्र चौधरी लाई संशोधन प्रस्ताव फिर्ता लिन समय दिनु भएकोमा निज माननीयज्यूहरुले संशोधन प्रस्ताव फिर्ता लिनु भएन ।

त्यसपछि मा० सभामुखज्यूले समितिले दिएको प्रतिवेदन संशोधन सहित सभाबाट पारित भएको घोषणा गर्नु भयो ।

त्यसपश्चात मा० सभामुखज्यूले विधेयकको प्रस्तवाना र दफा २ देखी २४ सम्म पढेर सुनाउनु भयो ।

त्यसपछि मा० सभामुखज्यूले प्रादेशिक दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक सर्वसहमतले पारित भएको घोषणा गर्नु भयो ।

त्यसपश्चात मा० सभामुखज्यूको अनुमतिले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री राम नरेश राय लाई " प्रदेश नं. २ को वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि समितिको प्रतिवेदन सहित सभामा छलफल गरियोस " भन्ने प्रस्ताव पेश गर्नु भयो ।

त्यसपछि संशोधनकर्ता मा० श्री शिवचन्द्र चौधरीलाई आफ्नो संशोधन राख्दै छलफलमा भाग लिनु भयो र आफ्नो संशोधन फिर्ता लिनु भयो ।

त्यसपश्चात मा० सभामुखज्युको अनुमतिले देहाका माननीय सदस्यज्यूहरुले छलफलमा भाग लिनु भयो ।

मा० राम अशिष यादव

त्यसपछि मा० सभामुखज्यूको अनुमतिले छलफलमा उठेका प्रश्नहरुको जवाफ मा० मन्त्री श्री राम नरेश रायले दिनु भयो ।

त्यसपछि प्रदेश वन सम्बन्धी विधेयकको दफा २ देखी दफा १०० सम्म बहुमतले विधेयकको अंग बनेको घोषणा गर्नु भयो ।

त्यसपश्चात मा० सभामुखज्यूले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु भयो ।

मा० सभामुखज्यूले अनुमतिले मा० उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री राम नरेश रायले " प्रदेश नं. २ को वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक " पारित गरियोस् भन्ने प्रस्ताव राख्नु भयो ।

त्यसपछि मा० सभामुखज्यूले उक्त विधेयक सर्वसहमतिले पारित भएको घोषणा गर्नु भयो ।

तत्पश्चात मा० सभामुखज्यूको अनुमतिले संसदिय दलको अनुरोधमा प्रदेश सभा कार्य सञ्चालन नियमावली, २०७५ को नियम १४६ बमोजिम गठन भएको विषयगत समितिमा निम्नानुसारको सदस्यहरुको समितिको हेरफेर सम्बन्धी प्रस्ताव पेश भएकोमा देहाय बमोजिम भएको घोषणा गर्नु भयो ।

१. मा० श्री ज्वाला कुमारी साह विकास समितिबाट सार्वजनिक लेखा समितिमा

२. मा० श्र भरत प्रसाद साह सार्वजनिक लेखा समितिबाट विकास समितिमा

त्यसपछि मा० मा० सभामुखज्यूले समितिमा भएको हेरफेर सम्बन्धी प्रस्तावमा मा० सदस्यहरुको समर्थन रहेको घोषणा गर्नु भयो ।

तदन्तर मा० सभामुखज्यूले आजको यो बैठक २०७७ साल असोज महिनाको २८ गते बुधवार दिनको ३ : ०० बजे सम्मको लागि स्थगित गर्नु भयो ।